# बार्षिक प्रगति विवरण




## आर्थिक बर्ष २०७७/०७८

Civil Aviation Authority of Nepal

## नेपाल नागरिक उड्डयन प्राधिकरण

## प्रधान कार्यालय, बबरमहल

## काठमाडौं


# नेपाल नागरिक उड्डयन प्राधिकरण

## आ.व. २०७७/७८ मा सम्पन्न प्रमुख कार्य र हासिल भएका उपलब्धी


प्राधिकरणको कार्य प्रकृति बमोजिम बार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा विमानस्थलमा भौतिक पूर्वाधार विकास, एयर नेभिगेसन प्रणालीको आधुनिकिरण, उडान सुरक्षा सुदृढीकरण तथा संस्थागत सुधारलाई प्राथमिकतामा राखिएको हुन्छ । गत २०७६ साल फागुन देखि विश्वमा देखा परको कोरोनाको महामारीका कारण प्राधिकरणको आम्दानी आ.ब.२०७६/०७७ को प्रक्षेपित आम्दानी रु. १० अर्ब ५४ करोड ४१ लाख भन्दा उक्त आ.ब.मा ४३ प्रतिशत र आ.ब. २०७७/०७८ मा ७२ प्रतिशत न्यून हुन पुग्यो । यसबाट प्राधिकरणको श्रोतबाट संचालन हुने योजना तथा कार्यक्रम २०७७/०७८ मा समेत नराम्रोसँग प्रभावित हुन पुग्यो । नेपाल सरकारको शेयर लगानी तथा दातृ निकायको ऋण सहयोगमा संचालित विमानस्थल पूर्वाधार विकाससँग सम्बन्धित आयोजनाहरुमा पनि पटक पटकको बन्दाबन्दी तथा निषेधाज्ञाको कारण काममा अवरोध उत्पन्न भई सम्पन्न हुने चरणमा रहेका आयोजनाहरु पछाडि धकेलिन पुगेका छन । यस्तो प्रतिकुल परिस्थितीमा पनि प्राधिकरणले आ.व. २०७७।७८ मा हासिल गरको उपलब्धिलाई यहाँ संक्षेपमा प्रस्तुत गरिएको छ ।

### हवाई यातायात क्षेत्र

- सन् २०१९ मा अन्तर्राष्ट्रिय उडान तर्फ हवाई यात्रु संख्या ४१,३८,५६३ रहेको थियो भने सन् २०२० मा यो संख्या ७३.२७ प्रतिशतले घट्न गई ११,०५,९२९ कायम हुन पुगेको छ । त्यसै गरी आन्तरिक उडान तर्फ सन् २०१९ मा ३१,८८,४२९ हवाई यात्रु आवागमन भएकोमा सन् २०२० मा यो संख्या ५९.४६ प्रतिशतले घट्न गई १२,९२,५२१ कायम हुन पुगेको छ । नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण बर्ष घोषणा गरको हुँदा यस बर्ष उल्लेखनीय संख्यामा विदेशी यात्रुको आगमन हुने अपेक्षा गरिएकोमा कोभिड १९ का महामारीको कारण हवाई तथा पर्यटन क्षेत्र धराशायी जस्तै हुन पुगेको छ ।
- अन्तर्राष्ट्रिय उडान तर्फ ३ वटा नेपाली वायुसेवा र २७ वटा विदेशी वायुसेवा गरी ३० वटा वायुसेवाले १५ मुलुकको ३२ वटा गन्तव्यमा उडान संचालन गरिरहेका छन् । संयुक्त अरव इमिरेटको वायुसेवा कम्पनी एयर अरेविया अबुधावीले १८ अक्टुवर २०२० देखि नेपालमा आफ्नो नियमित उडान प्रारम्भ गरेको छ ।
- नेपालमा नियमित हवाई सेवामा अन्तर्राष्ट्रिय उडान तर्फ ३ वटा वायुसेवा, आन्तरिक उडान तर्फ ९ वटा वायुसेवा र १० वटा हेलिकप्टर कम्पनी संचालनरत छन् ।




*आन्तरिक हवाई यात्रु आवागमन*




*अन्तर्राष्ट्रिय हवाई यात्रु आवागमन*



*एयर अरेविया अबुधावीको पहिलो उडानलाई Water Cannon द्वारा स्वागत गरिँदै*

### विमानस्थल पूर्वाधार विकास

- नेपालमा विमानस्थलहरुको कुल संख्या ५४ रहेको छ जसमा ३७ वटा विमानस्थलहरुको धावनमार्ग पक्की रहेको छ । यस मध्ये ३५ वटा विमानस्थल संचालनमा रहेका छन् भने १९ वटा विमानस्थल संचालनमा छैनन् ।

- हाल मुलुकमा एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल रहेको छ, र दुई वटा थप अन्तर्राष्ट्रिय विमानस्थलहरु गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणाधिन छन् ।

## त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल

- अन्तर्राष्ट्रिय टर्मिनलमा नवनिर्मित Departure Sterile Hall, International Apron तथा धावनमार्गमा ३०० मिटर लम्बाईको Runway End Safety Area (RESA) को ३१ भाद्र २०७७ मा समुद्घाटन सम्पन्न भयो ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई बुटीक विमानस्थलको रुपमा विकास गर्ने योजना अनुरुप अन्तराष्ट्रिय टर्मिनल भवन र आन्तरिक टर्मिनल भवनको Renovation सम्बन्धी कार्य सम्पन्न भएको छ ।



त्रि.अ.वि.मा विभिन्न विस्तार कार्यको समुद्घाटन

- अन्तर्राष्ट्रिय एप्रोनमा वायुयान विसान क्षेत्र Bay No. 6 को Rehabilitation कार्य सम्पन्न भएको छ ।
- विमानस्थलमा नेपाल प्रहरीको सुरक्षाकर्मीको आवासको लागि आधुनिक व्यारेक भवनको निर्माण कार्य सम्पन्न भएको छ ।



अन्तर्राष्ट्रिय टर्मिनल भवनको सौन्दर्यीकरणको कार्य

- विमानस्थलमा भरपर्दो रुपमा पानीको आपूर्तीको व्यवस्था मिलाउन ३ वटा Reservoir water Tank को निर्माण कार्य सम्पन्न भएको छ ।
- आन्तरिक टर्मिनल भवनको क्षमता विस्तार गर्न Extension सम्बन्धी कार्य ६५% सम्पन्न भएको छ ।
- विमानस्थलको अन्तर्राष्ट्रिय प्रस्थान तर्फ हवाई यात्रु चेक-इन तथा बोर्डिङ्गमा अत्याधुनिक चेकईन काउण्टरहरुको व्यवस्था गरी Common Use Passenger Processing System (CUPPS) प्रणाली जडान गरि संचालनमा ल्याईएको छ । यसबाट वायुसेवा कम्पनीहरुलाई यात्रु चेक जाँच र व्यागेज व्यवस्थापन गर्न सहज र छरितो हुनुको साथै हवाई यात्रुको लागि पनि स्तरीय सेवा उपलव्ध भएको छ ।



त्रि.अ.वि.मा नव निर्मित सुरक्षा प्रहरी आवास गृह

- धावनमार्गमा वायुयानलाई सुरक्षित अवतरणका लागि मार्गदर्शन गर्न आधुनिक एप्रोच लाईटिंग सिष्टम जडान गरी संचालनमा ल्याइएको छ ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवन सँगै Landside तर्फ Canopy को निर्माण कार्य ६०% सम्पन्न भएको छ । यसको डिजाइनलाई परिमार्जन गरी अन्तराष्ट्रिय टर्मिनलको यात्रु चेक-इन एरियाको क्षमता विस्तार गर्ने कार्यक्रम रहको छ ।
- विमानस्थलमा धावनमार्ग र वायुयान विसान क्षमता बृद्धि



New passenger processing system CUPPS at TIA

गर्न उत्तर तर्फ ट्याक्सी वे लाई धावनमार्गको अन्तिम विन्दुमा जोड्न र एप्रोन निर्माण गर्ने कार्य प्रारम्भ भई जारी रहको छ ।



त्रि.अ.वि.मा जडित आधुनिक एप्रोच लाईट

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक तथा अन्तर्राष्ट्रिय टर्मिनल भवन भित्र विभिन्न स्थानमा अन्तर्राष्ट्रिय स्तरको अत्याधुनिक विद्युतीय Way Finding Signage जडानगरि संचालनमा ल्याईएको छ ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थान तर्फ एक थान Escalator थप जडान गरि कुल तीन Escalator संचालनमा ल्याईएको छ ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय आगमन तर्फ Baggage Claim क्षेत्रको क्षमता विस्तार गर्न Extended Part मा Baggage Conveyor Belt जडानकार्य सम्पन्न भएको छ ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको नवनिर्मित Remote Parking मा ट्याक्सी वे Edge लाईट जडान गरि संचालनमा ल्याईएको छ ।

## गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना



गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलको टावर टर्मिनल भवन

- निर्माणको प्रारम्भ देखि नै समस्याग्रस्त रही दातृ निकाय एशियाली विकास बैंक लगानीबाट बाहिरिएको यस आयोजनालाई नेपाल सरकार र प्राधिकरणले सहजिकरण गरी अगाडि बढाएको र यसमा उल्लखनीय प्रगति देखिएपछि एडिवी पुनः लगानीमा सहभागी भएको छ ।
- नेपाल सरकार, प्राधिकरण र एडिवीले यो आयोजनालाई असफल हुन नदिन हदै सम्मको लचकता अपनाई सहजिकरण गरिदिएको कारण अहिले यो निर्माणको अन्तिम चरणमा रहको छ । कोभिड १९ को कारण कार्यमा कही सुस्तता आएतापनि निर्माण कार्यमा रुकावट नआएको र हाल भौतिक प्रगति ९७ प्रतिशत पुगेको छ । विमानस्थलको भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न भई Finishing को कार्य भइरहेको छ ।



Airport Rescue and Fire-fighting सुविधा

- विमानस्थलमा जडान गर्नुपर्ने रन वे लाइट, यान्त्रिक अवतरण प्रणाली, संचार-उड्डयन सहाय उपकरणहरु, ब्यागेज ह्याण्डलिंग सिष्टम, एक्स-रे आदि यन्त्र उपकरण जडान कार्य सम्पन्न भइसकेको छ ।
- विमानस्थलमा Category IX को अग्नि निवारण तथा जीवनोद्धार सेवाको लागी आधुनिक दमकल तथा एम्बुलेन्स ल्याई सकिएको छ ।
- उड्डयन उपकरण तथा उडान विधीको चेकजाँच तथा परीक्षण गर्न Flight Calibration को लागि विदेशबाट विशेष बायुयान तथा दक्षविज्ञ आउन नसकेकोले भारतको Airports Authority of India (AAI) सँग प्रस्ताव प्राप्त गरि नेपाल सरकारको स्वीकृतिको लागि पठाईएको छ ।
- Flight Calibration को कार्य सम्पन्न भएको करीव तिन महिना पछि विमानस्थल उडान संचालनको लागि योग्य हुनेछ । तत्पश्चात परिक्षण उडान सम्पन्न गरी विमानस्थल अन्तराष्ट्रिय उडानको लागि खुल्ला गरिने छ ।

## पोखरा अन्तर्राष्ट्रिय विमानस्थल आयोजना




*पोखरा अन्तराष्ट्रिय विमानस्थलको नवनिर्मित टावर टर्मिनल भवन*

- यस आयोजनाको निर्माण कार्य ७९ प्रतिशत सम्पन्न भएको छ र यो निर्धारित समय भन्दा ६ महिना अघि सम्पन्न हुने गरी कार्य भइरहेको आयोजना थियो । कोभिड १९ का असहज परिस्थितीका कारण यहाँ कार्यरत अधिकांश विदेशी जनशक्ति आउन नसकी कार्यमा सुस्तता आई आयोजना निर्धारित अवधि जुलाई २०२१ भन्दा करीव एक बर्ष पछाडि धकेलिएको छ ।
- निर्माण सम्पन्न भएपछि अन्तराष्ट्रिय विमानस्थल संचालनमा ल्याउन संचालन तयारी कार्यदल गठन भई कार्यरत रहेको छ ।

## निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना

- यस आयोजनामा प्राधिकरणले गर्नुपर्ने प्राथमिक तयारीका कार्यहरु विमानस्थल क्षेत्रमा तारवार गर्ने, ६६ विगाह निजी जग्गा अधिग्रहण गर्ने, वातावरणीय प्रभाव मूल्यांकन गर्ने, बकाहा र पसाहा खोलामा ४ हजार मिटर नदी नियन्त्रणको कार्य सम्पन्न गरेको छ । विमानस्थल क्षेत्रमा रहेका सुकुम्बासी बस्तीको घर जग्गाको लगत लिई तिनको व्यवस्थापनको लागि भूमि सुधार तथा व्यवस्था मन्त्रालय मार्फत कारवाही अघि बढाइएको छ । विमानस्थलको गुरुयोजना निर्माणको ५० प्रतिशत कार्य सम्पन्न भएको छ । विमानस्थल क्षेत्रमा रहेका रुख विरुवाहरुको गणना गरी छपान गर्ने कार्य प्रदेश बन डिभिजन कार्यालयबाट भइरहेको छ ।
- नेपाल सरकारले विमानस्थल विदेशी लगानीमा निर्माण गर्ने निर्णय गरेकोले नेपाल लगानी बोर्डबाट स्वीट्जरल्याण्डको जुरीका एयरपोर्ट इन्टरनेशनललाई छनोट गरी विस्तृत प्रस्ताव माग गरेकोमा कोभिड १९ को प्रतिकुल अवस्था तथा अन्य विविध सर्त राखेकोले यो प्रक्रिया अवरुद्ध भएको छ ।
- विमानस्थल क्षेत्रमा प्राधिकरणले प्रारम्भिक कार्य गरेता पनि सबैभन्दा प्रमुख विषय विमानस्थल निर्माणको लागि आर्थिक श्रोत जुटाउनु रहेकोले नेपाल सरकारले विदेशी लगानीमा निर्माण गर्ने नीति लिएको हुँदा इच्छुक उपयुक्त लगानीकर्ता आएपछि मात्र यस आयोजनाले गती लिने देखिन्छ ।

## आन्तरिक विमानस्थलहरू

- जनकपुर विमानस्थलमा आधुनिक टावर, टर्मिनल भवन निर्माण कार्य सम्पन्न भई संचालनमा ल्याईएको छ ।
- चन्द्रगढी, तुम्लिङ्गटार, राजबिराज तथा सिमिकोट विमानस्थलको धावनमार्ग, ट्याक्सी वे, एप्रोन ओभरले तथा ड्रेनेज सुधार कार्य सम्पन्न भएको छ ।
- ईलाम विमानस्थलमा धावनमार्ग, ट्याक्सी वे, एप्रोन कालोपत्रे,



*जनकपुर विमानस्थलमा नवनिर्मित टर्मिनल टावर भवन*

डे्रनेज, फेन्सिङ्ग लगाउने कार्य सम्पन्न भएको छ ।

- नेपालगंज विमानस्थलमा Full–scale Emergency Exercise सफलतापूर्वक सम्पन्न गरिएको छ ।
- सानो ठिमी स्थित नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान परिसरमा ATC तालिम भवन निर्माण कार्य सम्पन्न भएको छ ।
- रारा (मुगु) विमानस्थलमा टावर, टर्मिनल भवन निर्माण तथा एप्रोन तथा धावनमार्गको पूर्व पट्टी पहिरो नियन्त्रण कार्य जारि रहेको छ ।



*नेपालगंज विमानस्थलमा आपत्कालिन अभ्योस*

- रामेछाप विमानस्थलमा River Training, Retaining Structure तथा ड्रेनेज निर्माण कार्य सम्पन्न भएको छ ।
- लुक्ला विमानस्थलमा Terminal Building निर्माण कार्य सम्पन्न भएको छ ।
- डोल्पा मसिनेचौर विमानस्थलको धावनमार्ग, ट्याक्सी वे तथा एप्रोनको कालोपत्रे गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।
- बिराटनगर बिमानस्थलमा Taxiway Edge Lights तथा LED Signages जडान सम्पन्न भै SAT सम्पन्न भएको छ ।




*बैतडी विमानस्थलमा नियमित हवाई सेवा प्रारम्भ*

- बझांग, बैतडी तथा डोटी बिमानस्थलको धावनमार्ग, ट्याक्सी वे, एप्रोन कालोपत्रे गर्ने कार्य सम्पन्न भई प्रदेशको राजधानी धनगढीबाट नियमित हवाई सेवा संचालनमा आएको छ ।
- भरतपुर विमानस्थलको गुरुयोजना तयार गर्ने कार्य सम्पन्न भएको छ । विमानस्थलसँगै रहको नेपाली सेनाको घोडा प्रजनन केन्द्र स्थानान्तरण भए पछि गुरुयोजना बमोजिम विमानस्थल विस्तारकार्य अगाडी बढाइनेछ ।
- तेह्रथुम चुहानडाडाँ विमानस्थलको वातावरणीय प्रभाव मुल्याङ्कनको TOR Scoping गर्न कार्य सम्पन्न भएको छ।

## एयर नेभिगेसन प्रणाली

- ICAO को Regional Air Navigation Plan बमोजिम नेपालको Nepal Air Navigation Plan तयार गर्न कार्य सम्पन्न भएको छ ।
- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा Instrument Flight Procedures को चार्ट Design कार्य सम्पन्न गरिएको छ ।
- ICAO को पहलमा एशिया-प्रशान्त क्षेत्रका सदस्य मुलुकहरुवीच हवाई ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन Cross– border Telecommunications Network को लागि Asia–Pacific Common Regional Virtual Network (CRV) का सेवा प्रदायक PCCW Global सँग Service Order मा हस्ताक्षर भईसकेको छ । कोभिड १९ को कारण ICAO ले यसको कार्यान्वयन अवधिलाई December 2021 सम्म सारेकोले सोही बमोजिम कार्यान्वयन गर्ने गरी नेपालले तयारी गरेको छ ।




*गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलको यान्त्रिक उडान विधि*

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अग्निनिवारण तथा जीवनोद्धार सेवाको लागि Watch Tower Console Replacement गरी संचालनमा ल्याईएको छ ।
- नेपालगंज र ताप्लेजुङ्ग विमानस्थलमा Obstacle Survey, Mapping & Charting of PBN Procedures निर्माण कार्य सम्पन्न भएको छ ।
- आन्तरिक विमानस्थलहरुमा उडानका लागि भूउपग्रहमा आधारित RNP 2 Route तर्जुमा गर्ने कार्य सम्पन्न भएको छ ।



*त्रि.अ.वि.मा पुनरुद्दार गरिएको अन्तराष्ट्रिय विसान क्षेत्र*

- नेपालगंज, बिराटनगर, सिमरा, भरतपुर लगायत १० वटा विमानस्थलहरुमा आधुनिक ATC Console जडान गरी संचालनमा ल्याइएको छ ।
- विभिन्न १७ वटा आन्तरिक विमानस्थलहरुमा Meteorological System and Accessories (WMO Certified) जडान कार्य सम्पन्न भएको छ ।
- Facilitation/Public Health लगायतका बिषयहरुमा ICAO CART को बिभिन्न Phase हरुको Recommendation हरुमा Public Health सम्बन्धी बिषयमा अध्यावधिक गर्ने कार्य गरिएको छ ।

## उडान सुरक्षा तथा हवाई सुरक्षा

- Global Aviation Safety Plan, GASP, 2020–2022 तथा Regional Aviation Safety Plan, RASP, 2020–2022 को निर्देशनहरु समावेश गरी National Aviation Safety Plan-NASP, Nepal, 2018–2022 को पहिलो संशोधन जारी गरिएको छ ।




*Aviation Safety Report, 2020 जारी हुँदै*

- नेपालको उडान सुरक्षाको सम्बन्धमा विस्तृत जानकारी दिने Nepal Aviation Safety Report, 2020 तयार गरी जारी गरिएको छ ।
- State Safety Programme (SSP) लागु गर्ने क्रममा सन् २०२१ को लागी निर्धारण गरिएको State SPI/SPT को मापन र मुल्यांकन गरी सरोकारवालाहरुलाई जानकारी गराइएको छ ।





*Nepal Aviation Safety Campaign 2020*

- EASA/SAAPP सँगको सहकार्यमा तीन दिवसीय Safety Management सम्बन्धी कार्यशालाको आयोजना गरिएको छ । विषयगत विज्ञहरु बाट दिइएको सुझावहरु कार्यान्वयन गर्नको लागि Procedural Manual for Safety Management Functions परिमार्जन गरि लागु गरिएको छ ।
- वायुसेवा संचालकहरुको SMS कार्यान्वयन सम्बन्धी निगरानी गर्न "Remote Audit Procedures" तयार गरी केही वायुसेवा कम्पनीहरुको Remote SMS Audit सम्पन्न गरिएको छ ।
- नेपालमा उडान सुरक्षाको क्षेत्रमा सचेतना जगाउने उद्देश्यले प्राधिकरण, वायुसेवा संचालक संघ, युरोपियन एभिएसन सेफ्टी एजेन्सी तथा विश्व खाद्य संगठनद्वारा संयुक्त रुपमा आयोजना गरिँदै आएको Nepal Aviation

Safety Campaign २१ डिसेम्बर २०२० मा आयोजना गरिएको थियो ।

- उडान सुरक्षा सुदृढिकरणको लागि नियामक तथा सेवा प्रदायक संस्थाहरु सम्मिलित NAST, STOL Safety Team, Large Airplane Safety Team, Helicopter Safety Team को माध्यमबाट उडान सुरक्षाका विभिन्न कार्यक्रम संचालन गरी उडान सुरक्षा अभिवृद्धि सम्बन्धी विभिन्न कार्य सम्पन्न गरिएको छ ।





*हवाई जहाज दुर्घटना दर*

- उडान सुरक्षालाई अभिवृद्धि गर्न सरोकारवालाहरुलाई समेटेर Virtual माध्यमबाट विभिन्न तालिम, कार्यशाला, गोष्ठी तथा सचेतना कार्यक्रमहरु संचालन गरिएको छ ।

- हवाई सुरक्षा व्यवस्था प्रभावकारी बनाउन गुणस्तर नियन्त्रण कार्य अन्तर्गत हवाई सुरक्षाको अडिट गर्ने सन्दर्भमा नेपालमा दर्ता भएको सम्पूर्ण वायुसेवा कम्पनीहरुको अडिट कार्य सम्पन्न गरिएको छ । साथै त्रि.अ.वि. तथा आन्तरिक विमानस्थलहरुको निरीक्षण कार्य सम्पन्न गरिएको छ ।

- अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको मापदण्ड पुरा गरी सम्बन्धित वायुसेवा, वायुयान मर्मत संस्था लगायत प्राधिकरणबाट जारी वायुसेवा संचालनसंग सम्वन्धित जनशक्तिको इजाजतपत्रको स्तरिकरण गरी लागू गरिएको छ ।




*हेलिकप्टर दुर्घटना दर*

- धनगढी, विराटनगर तथा जनकपुर विमानस्थलहरुमा Walkthrough Metal Detector जडान सम्पन्न भई संचालनमा ल्याइएको छ ।

- ड्रोन दर्ता, परीक्षा पद्धति जस्ता कार्यलाई प्रभावकारी तुल्याउन विद्युतिय पद्धतिबाट कार्य सम्पन्न गर्ने व्यवस्था गरिएको छ ।

- उडान सुरक्षामा उल्लेख्य सुधार भएको कारण हवाईजहाज (Aeroplane) घटना तथा दुर्घटनाको दरमा विगत ४ बर्ष यता निरन्तर सुधार हुँदै गएको छ ।

- हेलिकप्टर संचालन तर्फ प्रति बर्ष सरदर १ Fatal Accident रहेकोमा उडान सुरक्षालाई प्रवर्द्धन गर्न प्राधिकरणले Airbus हेलिकप्टर संग सहकार्य गरी प्रशिक्षक पाईलटलाई विशेष तालिम, सुरक्षा व्यवस्थापन प्रणालिको गुणस्तर मापन तथा अन्य विविध तालिम तथा सचेतना कार्यक्रम संचालन गर्दै आएको छ ।

## नीतिगत र संस्थागत सुधार

- प्राधिकरणले सम्पादन गर्दै आएको नियमनकारी तथा सेवा प्रदायक कार्यलाई छुट्टा छुट्टै संस्था मार्फत सञ्चालन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरण विधयक २०७८ र नेपाल हवाई सेवा प्राधिकरण विधयक २०७८ राष्ट्रिय सभाको विधायन समितीमा वृहत छलफल तथा परिमार्जन भई प्रतिनिधी सभामा पठाउने चरणमा रहको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्राधिकरणको आफ्नै Data Center and Network Security Infrastructure को जडान कार्य सम्पन्न भई सन्चालनमा आएको छ ।




*प्राधिकरणको २२ बार्षिकोत्सवको अवसरमा Civil Aviation Report, 2020 को लोकार्पण*

- नेपाल सरकार, सूदुरपश्चिम प्रदेश सरकार, भिमदत्त नगरपालिका र दोधारा चाँदनी नगरपालिका वीच महेन्द्रनगर विमानस्थलको विस्तार र स्तरोन्नतिको लागि सहकार्य गर्ने सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।



सुदूरपश्चिम प्रदेशसंग महेन्द्रनगर विमानस्थल विकास तथा विस्तार सम्बन्धमा समझदारी

- नेपाल सरकार, प्रदेश १ सरकार र विराटनगर महानगरपालिका वीच विराटनगर विमानस्थलको विस्तार र स्तरोन्नतिको लागि लागत साझेदारी गर्ने अवधारणा बमोजिम १९ असोज २०७७ मा समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।
- नेपाल सरकार र कर्णाली प्रदेश सरकारवीच सुर्खेत विमानस्थलको विस्तार र स्तरोन्नतिको लागि लागत साझेदारी गर्ने अवधारणा बमोजिम कर्णाली प्रदेश सरकार र प्राधिकरण वीच समझदारीपत्रमा हस्ताक्षर भएकोछ ।



प्रदेश नं. १ संग विराटनगर विमानस्थल विकास तथा विस्तार सम्बन्धमा समझदारी

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको कार्गो भवनमा चिस्यान भण्डार (Cold Storage) पूर्ण क्षमतामा संचालनमा ल्याइएको छ । उपत्यकाभित्र सबै भन्दा बढी भण्डारण क्षमता राख्ने यस चिस्यान भण्डारले हवाईमार्गबाट आइरहको COVID–19 बिरुद्धको खोपको सुरक्षित भण्डारणको लागि महत्वपूर्ण योगदान दिइरहको छ ।
- भन्सार विभाग एवं Travels & Tours का कर्मचारीहरुलाई X–ray Examination and Screening Procedure Course को तालिम प्रदान गरिएको छ ।
- नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान मार्फत करिब २३५ कर्मचारीहरुलाई उड्डयनसंग सम्बिन्धित विभिन्न विधाको तालिम प्रदान गरिएको छ ।
- मानव संशाधन व्यवस्थापन विभाग मार्फत करिब ६२४ जना जनशक्तिहरुलाई स्वदेशी तथा विदेशी संस्थाहरुमा Online/Virtual/Physical तालिम प्रदान गरिएको छ ।
- नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाको शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को उन्नाईसौं संशोधन संचालक समितिको मिति २०७७/११/१४ मा बसेको ३८४ औं बैठकबाट सिफारिस सहित आवश्यक संशोधनको लागि मिति २०७७/११/२५ मा तालुक मन्त्रालयमा पठाईएको छ ।





नागरिक उड्डयन प्रतिष्ठानमा प्रशिक्षार्थिहरु

- नयाँ विमानस्थल सेवा शुल्क नियमावली, २०७८ का मस्यौदा नेपाल सरकारको स्वीकृतिका लागि श्री संस्कृती पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाईएको छ ।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई ख्याति प्राप्त विदेशी विमानस्थल संचालक संस्थासंग सहकार्य गरी संचालन गर्न एसियाली विकास बैंकको सहयोगमा संचालन प्रारुप तर्जुमा गरी नेपाल सरकारको स्वीकृतिको लागी पठाईएको छ ।

# आर्थिक गतिविधी

हवाई सेवाबाट हुने आम्दानीमा निर्भर रहने प्राधिकरण कोभिड १९ को परिस्थितीको कारण हवाई सेवा प्रभावित भएकोले प्राधिकरणको आम्दानीमा गम्भिर असर परेको छ । नेपाल सरकार तथा विदेशी दातृ संस्थाको ऋण तथा सहयोगमा संचालित ठूला आयोजनाहरुले निरन्तरता प्राप्त गरेका छन् तर प्राधिकरणको श्रोतबाट गरिने विमानस्थल संचालनसँग सम्बन्धित नियमित निर्माण सुधारको कार्य भने प्रभावित भएका छन् । कोभिड १९ को प्रभावलाई दृष्टिगत गरी प्राधिकरणले सोही बमोजिम आ.व.२०७७।७८ को आम्दानी प्रक्षेपण गरेको थियो ।

- आ.व. २०७७।७८ को आम्दानी

| शिर्षक | प्रक्षेपित आय | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|
| नियमित आम्दानी | २ अर्ब ७ करोड ३२ लाख | २ अर्ब ६४ करोड १६ लाख | २७.४२ बढि |
| विमानस्थल विकास शुल्क | ६० करोड २८ लाख | ३१ करोड ६० लाख | ५२.४२ न्यून |
| जम्मा | २ अर्ब ६७ करोड ६० लाख | २ अर्ब ९५ करोड ६७ लाख | १०.५२ बढि |


- आ.व. २०७७।७८ को खर्च

| शिर्षक | विनियोजित बजेट | वास्तविक खर्च | प्रतिशत |
|---|---|---|---|
| पूँजिगत खर्च | ३० अर्ब ६४ करोड ४८ लाख | ११ अर्ब ३६ करोड ३८ लाख | ३७.०८ |
| कार्य संचालन खर्च | ३ अर्ब ५६ करोड ६० लाख | २ अर्ब ७५ करोड ९२ लाख | ७७.३८ |
| आयकर र अन्य खर्च | ६ अर्ब ८९ करोड ९५ लाख | २ अर्ब ७० करोड १८ लाख | ३९.१६ |
| जम्मा | ४१ अर्ब ११ करोड ३ लाख | १६ अर्ब ८२ करोड ४८ लाख | ४०.९३ |

- कोभिड १९ को प्रभावको कारण विकास आयोजनाहरु बढि प्रभावित भएकाले पूँजिगत खर्च अपेक्षाकृत बढ्न सकेको देखिंदैन ।
- काठमाडौं उपत्यका भित्रको प्राधिकरण अन्तर्गतको कार्यालयहरुको भुक्तानी व्यवस्था अर्थ विभागबाट केन्द्रिकृत रुपमा एकल विधिबाट भुक्तानी गरिंदै आएको छ । विभिन्न आयोजना, कार्यालयहरुलाई दिनुपर्ने निकासा रकम केन्द्रबाटै सम्बन्धित कार्यालयको खातामा जम्मा हुने व्यवस्था मिलाइएको छ ।
- प्राधिकरणको अम्दानीलाई व्यवस्थित गर्न केन्द्रिकृत राजश्व प्रणाली (Centralized Revenue System) लागु गरिएको छ ।
- प्राधिकरणको आ.ब. २०७०/७१ सम्मको कर परीक्षण हिसाबलाई व्यवस्थित गरी कर चुक्ता प्रमाणपत्र लिईएको छ ।
- आ.ब. २०७५/७६ सम्मको वित्तिय विवरण महालेखा परिक्षकको कार्यालयबाट प्रमाणीकरण भएको छ ।
- प्राधिकरणको आ.ब. २०७६/०७७ को वित्तिय विवरणको अन्तिम लेखा परिक्षण सम्पन्न भई श्री महालेखा परिक्षकको कार्यलयमा पेश गरिएको छ ।

# अन्तर्राष्ट्रिय सम्बन्ध र उड्डयन कुटनीति

- दक्षिण एशियाली मुलुकहरुमा उडान सुरक्षाको सुदृढिकरणको लागि सन् १९९८ मा स्थापित COSCAP–SA को Steering Committee को २८ औं बैठक १९-२० जनवरी २०२१ मा सम्पन्न भएको छ । COSCAP–SA Steering Committee को अध्यक्षता अहिले नेपालले गरिरहेको छ ।




*COSCAP–SA को Steering Committee को २८ औं बैठक*

- यूरोपियन यूनियनसँग निकट सम्पर्क गरी नेपालको उडान सुरक्षाको अध्यावधिक प्रगति पठाईएको छ । नेपालको प्रगति प्रति यूरोपियन युनियन सन्तुष्ट रहको जानकारी प्राप्त भएको छ ।

- नेपालको वायुयान चालकको इजाजतपत्र जारी गर्ने मापदण्ड यूरोपियन स्तरको तुल्याउन EASA संग सहकार्य अघि बढाईएको छ ।



*EU का नव नियुक्त राजदूत तथा प्राधिकरणका महानिर्देशक वीच भेटवार्ता*

- युरोपियन युनियनको नव नियुक्त राजदूत महामहिम Nona Deprez ले प्राधिकरण प्रधान कार्यालयमा महानिर्देशक श्री राजन पोखरेलसँग शिष्टाचार भेट गर्नु भई युरोपियनले नेपाललाई उडान सुरक्षा सूचीमा राखेको विषय तथा उडान सुरक्षाको क्षेत्रमा नेपालले हासिल गरेको प्रगतीको सम्बन्धमा जानकारी लिनु भयो ।

- Covid-19 को बखत उडान सुरक्षालाई उच्च प्राथमिकता दिई ICAO संग निकट समन्वय गरी ICAO बैठक क्षेत्रिय कार्यालयको संयोजनका ACCRPG तथा ACORPG को Safety Subgroup मा नेपालले नियमित रुपमा भाग लिई सकृय भूमिका निर्वाह गरेको छ ।

- प्राधिकरणको महानिर्देशक ICAO APAC COVID-19 Contingency and Recovery Planning Group (ACCRPG) को सदस्यको रुपमा ICAO को Asia Pacific Office सँग निकट सम्पर्क रही कार्यरत रहेको छ ।




*14th ICAO Covid-19 Information Sharing Session With APAC Director's General*

- ICAO (CART) Recommendation लाई लागु गराउने वायुसेवा संस्था, विमानस्थल, Ground Handling संस्थालाई मार्गदर्शन जारी गरी सुरक्षाको मापदण्ड लागु गरिएको छ ।

- उडान सुरक्षाका लागि ICAO को विभिन्न मन्चहरु RASG, APRAST, SARAST आदि मा सकृय सहभागिता जनाई
  नेपालको उडान सुरक्षाको अवस्थाको सम्बन्धमा प्रगति पेश गरेको छ ।

- Covid–19 को सन्दर्भमा एशिया प्रशान्त क्षेत्रमा नेपालले Aviation Safety Risk Management-ASRM_iPACK कार्यक्रम निशुल्क सहयोग स्वरुप प्राप्त गरी प्राधिकरणको जनशक्तिलाई तालिम उपलब्ध गराइएको छ ।

## कोभिड १९ को प्रभाव

- अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) ले कोभिड १९ को कारण एशिया प्रशान्त क्षेत्रमा सन् २०२० मा अन्तर्राष्ट्रिय उडानमा ७४ प्रतिशत र आन्तरिक उडानमा ५० प्रतिशत हवाई यात्रु घटेको जनाएको छ । त्यस्तै सन् २०१९ को तुलनामा सन् २०२१ मा अन्तर्राष्ट्रिय उडानमा ६७-७५ प्रतिशतसम्म र आन्तरिक उडानमा २०-३० प्रतिशत सम्म हवाई यात्रु घट्न सक्ने प्रक्षेपण गरेको छ ।

- कोभिड १९ को संक्रमण फैलिन नदिन नेपाल सरकारले चैत्र ११, २०७६ (मार्च २४, २०२०) देखि लकडाउन गरेको र मिती २०७७ भाद्र १६ (सेप्टेम्बर १, २०२०) देखि सिमित आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान संचालन गरिएको थियो । त्यस्तै कोभिड १९ को दोश्रो लहर को कारण निषेधाज्ञा जारी गरेको कारण मे ३, २०२१ देखि नियमित आन्तरिक उडान तथा ६ मे, २०२१ देखि अन्तर्राष्ट्रिय नियमित उडानमा रोक लगाइएको थियो भने स्थितीमा केही सुधार आएपछि १८ जेठ २०७८ (जुन १, २०२१) देखि सिमित अन्तर्राष्ट्रिय उडान र १७ असार २०७८ (जुलाई १, २०२१) देखि सिमित आन्तरिक उडान शुरु गरिएको थियो ।



*Medical supplies by USAID*

- कोभिड १९ को अवस्थाको कारण सन् २०७६ को चैत्र महिना देखि २०७८ को असार महिना सम्म प्राधिकरणले कोभिड पूर्वको प्रक्षेपित आय भन्दा करीब रु १२ अर्व बराबरको आम्दानी गुमाएको छ भने वायुसेवाहरुले करिव २५ अर्ब बराबरको आम्दानी गुमाएका छन् जसमा नेपाल वायुसेवा निगमले करीव रु ७ अर्ब, हिमालय एयरलाइन्सले करीब रु ३ अर्ब तथा आन्तरिक वायुसेवा कम्पनीहरुले करीव रु १५ अरब बराबरको आम्दानी गुमाएका छन् ।

- कोभिड १९ बाट प्राधिकरणको आम्दानी एवं राज्यको अर्थतन्त्रमा परेको प्रभावको कारण प्राधिकरणको श्रोतबाट हुने विकास निर्माणको कार्य प्रभावित भएका छन् । नेपाल सरकारको श्रोतबाट संचालित ठूला आयोजनालाई भने बजेट अभाव नहुने भएता पनि आन्तरिक विमानस्थलहरुको विकास तथा स्तरोन्नतीको कार्यक्रम प्रभावित भएका छन् ।

- कोभिड १९ का विरामी तथा अन्य आकस्मिक प्रयोजनका लागि यात्रुलाई हेलिकप्टरबाट उद्धार गर्न सहुलियत दरमा हेलिकप्टर भाडा दर कायम गरी संचालन गरिएको छ ।

- कोभिड १९ को यात्रु ओसारपसारका लागि ६ वटा हेलिकप्टर कम्पनी तथा १ वटा हवाई जहाज कम्पनीलाई वायुयानमा स्वास्थ्य मन्त्रालयको स्वास्थ्य सुरक्षा मापदण्ड पुरा हुने गरी यात्रु च्याम्बर तथा अन्य आवश्यक व्यवस्थाको परिपालन गराई अनुमति प्रदान गरिएको छ ।


*Covid 19 passenger rescue*

- कोभिड १९ महामारीको विशेष परिस्थितीमा संक्रमण रोकथामको लागि विश्व भरी विभिन्न मुलुकहरुले लगाइरहेको हवाई उडान रोकको सन्दर्भमा नेपाली वायुसेवाहरुलाई अत्यावश्यक यात्रु तथा स्वास्थ्य सामग्री ओसारपसारमा नियामक निकायको स्तरबाट समेत पहल गरी उडानहरुलाई सहजिकरण गरिएको छ ।

- प्राधिकरणले कोभिड १९ को समयमा हवाई सेवालाई पुनः संचालनमा ल्याउनका लागि वायुसेवा, विमानस्थल तथा अन्य उड्डयन सेवाले अपनाउनुपर्ने सुरक्षा तथा स्वास्थ्य सावधानीका सम्बन्धमा Guidance to Airlines, Airports and Ground Services for Operations during COVID-19 जारी गरेको, सोही बमोजिम वायुसेवा कम्पनीहरु र विमानस्थलले समेत आ-आफ्नो सुरक्षात्मक कार्यविधी तर्जुमा गरी प्राधिकरणबाट स्विकृत गराई हवाई यात्रु तथा हवाई सेवामा संलग्न कर्मचारीहरुका लागि स्वास्थ्य सुरक्षा मापदण्डको प्रभावकारी कार्यान्वयन गर्दै सुरक्षित उडान संचालन गरिएको छ ।